नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
# जल तथा मौसम विज्ञान विभाग
बबरमहल, काठमाण्डौं

प.सं. :- ०८०/८१
च.नं. :- १९४६

मिति :- वि.सं. २०८१/०२/१८

## विषय: प्रेस विज्ञप्ति

,

यस विभागले पछिल्ला वर्षहरूमा आधुनिक प्रविधिको प्रयोग गरी जल तथा मौसम जन्य प्रकोपको आकलन, पूर्वानुमान तथा अनुगमन कार्यलाई थप मजबुत बनाउँदै ल्याएको छ। यसै क्रममा विभागले मोबाइल सेवा प्रदायकहरू नेपाल टेलिकम(NTC) र NCELL AXIATA सँग वि.सं.२०७३ साल देखि छुट्टा छुट्टै द्विपक्षीय समझदारी गरी नदीतटीय क्षेत्रमा बसोवास गर्ने र बाढीको जोखिममा रहेका आम नागरिकहरूलाई मोबाइल SMS मार्फत बाढीको पूर्वसूचना निःशुल्क रूपमा उपलब्ध गराउँदै आइरहेकोले पछिल्ला वर्षहरूमा बाढीबाट हुने मानवीय क्षति उल्लेख्य रूपमा न्यूनीकरण हुँदै गइरहेको छ।

विश्वव्यापी रूपमा सन् २०२७ सम्म संयुक्त राष्ट्र संघ(United Nations)को "सबैको लागि पूर्वसूचना"(Early Warning for All) उपलब्ध गराउने लक्ष्य राष्ट्रिय रूपमा हासिल गर्नको लागि NTC र NCELL AXIATA सँग भएको समझदारीपत्रमा जल तथा मौसम जन्य बहुप्रकोप(Multi-hazard) सम्बन्धी पूर्वसूचना SMS लगायत अन्य माध्यमबाट जोखिमयुक्त क्षेत्रमा रहेका आम नागरिकले सहजरुपमा प्राप्त गर्ने गरी परिमार्जन गर्नुपर्ने देखिएको र NCELL AXIATA संग सोही बमोजिम वि.सं.२०८५ असोज सम्म लागु हुने गरी समझदारीपत्र नवीकरण भइसकेको तथा NTC सँगको साविकको समझदारीपत्रको समयावधि वि.सं.२०८१।०३।०३ सम्म रहेको र परिमार्जित समझदारीपत्र नवीकरण हुने चरणमा रहेको छ।

वि.सं.२०७३ साल देखि हाल सम्म सहकार्य गरी पूर्वसूचनाको SMS निःशुल्क सम्प्रेषण गरी मानवीय क्षति न्यूनीकरणमा उल्लेखनीय सहयोग गर्नुहुने NTC र NCELL AXIATA विशेष धन्यवादको पात्र हुनुहुन्छ भने यसको लागि समन्वय, सहयोग र पैरवी गर्नुहुने सरकारी तथा गैरसरकारी निकायहरू, आम सञ्चार माध्यम, नागरिक समाज लगायत सबैमा विभाग हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा थप सहयोग तथा सहकार्यको अपेक्षा गर्दछ।

साथै यस वर्षको मनसुन नजिकिँदै गएको र यस अवधिमा जल तथा मौसम जन्य विपद्हरूको जोखिम औसत भन्दा बढी हुन सक्ने देखिएकोले यस विभागबाट ११५५ मार्फत जारी हुने पूर्वसूचनाहरूको SMS तथा विभागको वेबसाइट, सामाजिक संजाल लगायतका माध्यमबाट जारी पूर्वानुमान तथा पूर्वसूचनाहरूबारे अद्यावधिक रहन हुन तथा आसपास जोखिम युक्त क्षेत्रमा रहनु हुनेहरूलाई समेत सूचित गराउन हुन विभाग हार्दिक अपिल गर्दछ।

प्रवक्ता

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Sunil Pokharel
sunilpokharel2014@gmail.com

(सुनिल पोखरेल)
सिनियर डिभिजनल हाइड्रोलोजिष्ट